**वैठक संख्याः-१२९**

आज मिति २०८२/३/९ गते सोमबार विहान ठिक ११:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री पुनाराम पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री विनोद कुँवर | प्रशासकीय अधिकृत | |
| ३ | श्री शान्ती चौधरी | वरिष्ठ प्रशासन सहायक | |
| ४ | | | |
| ५ | | | |

मिति २०८२/३/९ गतेको कार्यपालिका बैठकका निर्णयहरु

कार्यपालिका बैठक संख्या :१२९ बैठकका प्रस्तावहरु

१. आगामि नगर सभा सम्वन्धमा ।

२. विविध ।

निर्णयहरु

१. मिति २०८२/२/३० गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. आगामि अठारौ नगरसभाको लागि कपिलवस्तु नगरपालिका सबै विषयगत समितिहरुलाई समितिको वैठक बसि कार्यापालिकामा पेश गरिएका नीति तथा कार्यक्रमको आगामि १८ औ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

विविध

१. कपिलवस्तु नगरपालिका कार्यालय तौलिहवा,कृषि विकास शाखाको आ.ब.२०८१।०८२ को लुम्बिनी प्रदेश सरकारको कृषि यान्त्रिकरण कार्यक्रम सञ्चालनको लागि मिति २०८१।०९।१४ गतेको दिन प्रकाशित सूचना मार्फत प्राप्त भएका २७३ वटा आवेदनहरुवाट छनौट गर्न नगर प्रमुखको अध्यक्षतामा मिति २०८२।०३।०८ गते आईतवारको दिन बैठक वसी उप-मेयर सहित १२ जना वडा अध्यक्षहरुले आवश्यकताको आधारमा छनौट भएका कृषकहरुलाई ५०(पचास) प्रतिशत अनुदानमा उक्त खरिद भएको मोटर वितरण गर्ने निर्णय गरियो ।

२. कपिलवस्तु नगरपालिकाको स्वीकृत दरवन्दी अनुसार विधुत हेल्परमा कार्यरत मौजुदा कर्मचारीबाट १२ वटै वडामा बिजुली बत्ति व्यवस्थापन कार्य सम्भव नभएकोले दरवन्दी अनुसार कमर्चारी पदपूर्ति गर्नका लागि लागि कार्यापालिकाबाट समेत निर्णय भएकोमा विविध प्राविधिक कारणले पदपूर्तिको काम अगाडी बढन नसकी वडा नं.१,२ र ६ मा कामकाज लगाइएका विधुत हेल्परहरुको २०८२ असार मसान्त सम्मको रकम वडाबाट विनियोजित बजेट बाट जिल्ला दररेट अनुसार भूक्तानि गरि अविलम्ब पदपूर्ति प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन गर्ने ।

३. कपिलवस्तु नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ मा छाडा पशु चौपाया व्यवस्थापनका लागि शुरु बजेट रु.२०,००,०००।-(अक्षेरुपि बिस लाख मात्र) विनियोजन भएकोमा कार्यपालिकाको मिति २०८०/०९/०८ को निर्णयबाट छाडा पशु व्यवस्थानपका लागि वडा नं ३ का वडा अध्यक्ष रुद्र बहादुर गैरेको संयोजकत्वमा कार्यदल गठन भई छाडा चौपायाको व्यवस्थापन कार्य भै रहकोमा मिति २०८०/०९/११ को कार्यपालिकाको निर्णयानुसार प्रति ट्राली न्यूनतम दररेट रु. ५०००।- कायम भई मिति २०८०।०८।२२ देखि २०८०।१२।३० गते सम्म ८०० बढी छाडा चौपायाको लागि ९८४ ट्राली पराल खरिद भई आ.व २०८०/०८१ मा ३४६ ट्रालीको १७,३०,०००/-(अक्षेरुपि सत्र लाख तीस हजार मात्र) भूक्तानि भएको र मिति २०८१/०१/२० मा प्रस्तुत टिप्पणी उपर भएको आदेश अनुसार मिति २०८१/०३/४ को कार्यापालिका बैठकको निर्णय नं. ५ बमोजिम समितिले पेश गरको प्रतिवेदनको आधारमा भूक्तानि गर्ने निर्णय भए बमोजिम बजेट कायम भए पनि भूक्तानि हुन नसकेको र चालु आ.व को बजेटमा समेत रु २५,५०,०००/-(अक्षेरुपि पच्चीस लाख पचास हजार मात्र)बजेट विनियोजन भए पनि केही रकम नपुग देखिएकोले आगामी अठारौ नगर सभा बाट थप बजेट रु.७,४०,०००/-(अक्षेरुपि सात लाख चालिस हजार मात्र) विनियोजन गरि भूक्तानि गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

सदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

४. कपिलवस्तु एवं बुद्ध परिपथका नगरपालिकाहरुको पर्यटन प्रवर्द्धन र विकासका लागि बुद्ध जन्मस्थल तथा बुद्धसँग सम्बन्धित क्षेत्र बिशेष गरी बुद्ध परिपथका नगरपालिकाहरुका धार्मिक एवम् पर्यटकीय स्थलहरुलाई अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने अन्तराष्ट्रिय सम्बन्ध विस्तार गर्ने, समन्वय, सहकार्य, सहयोग र अनुभव आदानप्रदान गर्ने एवं विश्व शान्तिका लागि बुद्धको शान्ति सन्देश र मार्गदर्शन विश्वभर फैलाउने अभियान अन्तर्गतःबुद्ध परिपथका नगरपालिकाहरु कपिलवस्तु नगरपालिका, लुम्बिनी साँस्कृतिक नगरपालिका,, देवदह नगरपालिका, रामग्राम नगरपालिका र तिलोत्तमा नगरपालिकाहरुले विगत बर्ष देखी विभिन्न कार्यक्रममा संयुक्त रुपमा समन्वय,सहकार्य गरिदै आएको छ। राष्ट्रिय अन्तराष्ट्रिय City/ संघ संस्थाहरु सँग संस्थागत सम्बन्ध विस्तार, समन्वय र सहकार्य हुदै आएको छ। यसै क्रममा बुद्ध परिपथका नगरपालिकाहरू र ग्रेट स्तुपा अष्ट्रेलिया बिच मितिः २०८१/१२/२१-२३ गते सम्पन्न बैठकका निर्णय अनुसार बुद्ध परिपथका उल्लेखित पाँच नगरपालिका तथा अष्ट्रेलियास्थित ग्रेट स्तुपा बिच संस्थागत सम्बन्ध कायम गरि सहकार्य गर्ने निर्णय भएको हुँदा ग्रेट स्तुपा, ग्रेटर बिन्डिगो सिटी अष्ट्रेलिया र पाँच नगरपालिका लगायतका निकायहरु बिच संस्थागत सम्बन्ध सह-सम्बन्ध एवं भगिनी सम्बन्ध कायम MoU पत्रमा हस्ताक्षर गरि सहकार्य गर्ने निर्णय गरियो । MoU पत्रमा हस्ताक्षर गरि सहकार्य गर्न स्विकृती प्राप्तिका लागि लुम्बिनी प्रदेश सरकार, नेपाल सरकार एवम् सम्बन्धित निकायमा सिफारिसका साथ अनुरोध गर्ने निर्णय गरियो ।

५. अष्ट्रेलिया कार्यक्रममा सहभागितका लागि मनोनयन एवं स्विकृतिका लागि सिफारिस सम्बन्धमा ।
निर्णय उपरोक्त प्रस्ताव माथि छलफल गर्दा कपिलवस्तु एवं बुद्ध परिपथका नगरपालिकाहरूको पर्यटन प्रवर्द्धन र विकासका लागि बुद्ध जन्मस्थल एवं बुद्धसँग सम्बन्धित क्षेत्र बिशेष गरी बुद्ध परिपथका नगरपालिकाहरुका धार्मिक एवं पर्यटकीय स्थलहरुलाई अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने, अन्तराष्ट्रिय सम्बन्ध विस्तार गर्ने, समन्वय, सहकार्य, सहयोग र अनुभव आदानप्रदान गर्ने एवं विश्व शान्तिका लागि बुद्धको शान्ति सन्देश र मार्गदर्शन विश्वभर फैलाउने हाम्रो निति तथा कार्यक्रम अन्तर्गत तपसिलको उद्धेश्य, कार्यक्रममा निम्न मितिमा अष्ट्रेलियामा आयोजना हुने कार्यक्रममा सहभागिताका लागि ग्रेटर बिन्डिगो सिटी र ग्रेट स्तुपा अष्ट्रेलियाबाट नगर प्रमुख सुदिप पौडेललाई निमन्त्रणा आएको हुँदा नगरपालिका एवं नेपाल सरकारलाई कुनै आर्थिक दायित्व/भार नपर्ने गरि कार्यक्रममा सहभागिताका लागि भ्रमण स्विकृति एवम् मनोनयन गरिदिन तथा भिषाका लागि नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, अष्ट्रेलियन दुतावास एवम् सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

सुदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत